काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २३४ ❐ शनिवार, २३ जेठ, २०८३ ❐ Saturday, 6 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

१९ वर्षमुनीको टी २० महिला राष्ट्रिय क्रिकेटमा लुम्विनी र सुदूरपश्चिमको विजयी शुरुवात



❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २२ जेठ

१९ वर्षमुनीको टी २० महिला राष्ट्रिय क्रिकेटमा लुम्विनी र सुदूरपश्चिमले विजयी शुरुवात गरेका छन् ।

शुक्रबारदेखि सुर्खेतका वीरेन्द्रनगरमा शुरु भएको प्रतियोगिताअन्तर्गत कालुंगचोक मैदानमा भएको पहिलो खेलमा पाहुना टोली लुम्बिनीले घरेलु टोली कर्णालीलाई ५४ रनले हराउँदै सुखद शुरुवात गर्यो ।

यस्तै वीरेन्द्रनगर मैदानमा भएको अर्को खेलमा सुदूरपश्चिमले पूर्वेली टोली कोशीमाथि ८९ रनको जीतसहित प्रतियोगिताको शुरुवात गरेको हो ।

टस जितेर ब्याटिंगका लागि निम्ता पाएको लुम्बिनीले कर्णालीविरुद्ध पूरै २० ओभर खेल्दा जम्मा ४ विकेट गुमाएर १ सय ४४ रन बनायो । लुम्विनीका लागि सोविका शाहीले सर्वाधिक १९ रन बनाउँदा रिसाना विश्वकर्माले १७ र उमा चौधरीले १६ रनको योगदान दिए ।

कर्णालिका लागि सुप्रिया बुढाले ३ विकेट हातपार्दा आशना चौधरी र आयुषा बरालले समान २ दुई विकेट लिए । उता, सावित्री धामीको आक्रामक ४१ र रश्मी सुनारको ३५ रनको योगदानमा सुदूरपश्चिमले पहिलो जीत दर्ता गरायो ।

सुदूरलाई बलियो शुरुवात दिलाउने क्रममा ओपनर धामीले ३५ बलमा ४१ र सुनारले ३० बलमा ३५ रन जोड्दा जयन्ति भण्डारीको २० सुदूरको जीतका लागि महत्वपूर्ण आधार बन्यो ।

१५१ रनको लक्ष्य पछ्याएको कोशीका लागि ठूलै चुनौति बनेको सुदूरपश्चिमका बलरसामु निरीह बनेका कोशीका कुनैपनि ब्याटरले दोहारो अंक छुन सकेनन ।

सुदूरका लागि अञ्जु पार्कीले ४ विकेट लिंदा आशिका कुमारी महरा र मनिषा चौधरीले २ दुई विकेट लिए । प्रतियोगिताअन्तर्गतको तेश्रो खेलमा गण्डकीले बाग्मतिमाथि ७ रनको फराकिलो जीत आत्मसात गर्यो । टस जितेर पहिला ब्याटिंग रोजेको बाग्मतिका लागि अएली यादवले नट आउट ३२ रनको योगदान दिंदा ओपनर सेविकाकुमारी यादवले १८, पूजा साँवद र सम्भाव्या ढकालले समान १२, १२ रन जोडे।

गण्डकीतर्फबाट कुसुम गोदार, नीरु जीटी, रञ्जना साउँदले समान दुई दुई विकेट लिए ।

९६ रन पछ्याउन क्रिज उत्रिएको गण्डकीका लागि चन्द्रमाया बरालले ४१ बलमा ३८ तथा श्रेया शाहले जोडेको २२ रनको योगफलनै जीतका लागि पर्याप्त भयो ।

कर्णाली सरकारको नीति तथा कार्यक्रम पारित



❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २२ जेठ

कर्णाली प्रदेशको आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम प्रदेश सभाबाट सर्वसम्मत पारित भएको छ। जेठ २० गते प्रदेश सरकारद्वारा प्रदेश सभामा प्रस्तुत नीति तथा कार्यक्रम आज (शुक्रबार) बसेको संसद बैठकबाट सभामुख नन्दा गुरुङले सर्वसहमत पारित भएको घोषणा गरिन । नीति तथा कार्यक्रममा पूर्वाधार विकास, रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधारलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

कर्णालीमा एचआईभी संक्रमण घट्दो दरमा, चुनौती कायमै

कर्णाली प्रदेशमा एचआईभी संक्रमितमध्ये आर्थिक वर्ष २०७९/८० मा १२, २०८०/८१ मा ११, २०८१/८२ मा ९ र २०८२/८३ मा ६ जनाको मृत्यु भएको छ ।

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २२ जेठ

कर्णाली प्रदेशमा एचआईभी संक्रमणको दर पछिल्ला वर्षहरूमा घट्दो क्रममा देखिएको छ । स्वास्थ्य सेवा निर्देशनालयकाअनुसार पाँच वर्षअघि आर्थिक वर्ष ०७८/७९ मा ८० जनामा संक्रमण देखिएकोमा चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म ३१ जनामा संक्रमण पुष्टि भएको हो । अघिल्लो आव २०८१/८२ मा ९ हजार २७९ जनाको परीक्षण गर्दा ३९ जनामा संक्रमण देखिएको स्वास्थ्य सेवा निर्देशनालय कर्णालीका एचआईभी फोकल पर्सन पदमबहादुर केसीले जानकारी दिए । उनका अनुसार आव ०७९/८० मा ५७ जना र आव ०८०/८१ मा ३८ जनामा संक्रमण देखिएको थियो ।

वीरेन्द्रनगरमा भएको राष्ट्रिय एड्स तथा रोग नियन्त्रण कार्यक्रमतर्फ अन्तरक्रियामा प्रस्तुति राख्दै फोकल पर्सन केसीले प्रदेशका विभिन्न एआरटी केन्द्रमा ७७० जना एचआईभी संक्रमित नियमित उपचारमा रहेको जानकारी दिए । एचआईभी संक्रमितका लागि प्रदेश अस्पताल सुर्खेत, दैलेख अस्पताल, सल्यान अस्पताल, कालिकोट अस्पताल, रुकुम पश्चिम अस्पताल, राकम कर्णाली आधारभूत अस्पताल, सालकोट प्राथमिक स्वास्थ्य केन्द्र, मेहलकुना अस्पताल र दुल्लु अस्पतालबाट उपचार सेवा प्रदान भइरहेको छ । तीमध्ये प्रदेश अस्पताल सुर्खेतमा सबैभन्दा धेरै २९० जना संक्रमित उपचाररत छन् ।

केसीका अनुसार गर्भवती आमाबाट शिशुमा संक्रमण रोक्ने (पीएमटीसीटी) कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्षमा ३३ हजार ७४० गर्भवती महिलाको एचआईभी परीक्षण गरिएको छ, जुन अपेक्षित गर्भवती संख्याको करिब ७९ प्रतिशत हो । परीक्षण गरिएकामध्ये दुई जनामा संक्रमण पुष्टि भएको छ । प्रदेशमा एचआईभी परीक्षणको दायरा विस्तार हुनुका साथै उपचार सेवामा पहुँच पनि बढ्दै गएको उनले बताए ।

संक्रमित आमाबाट शिशुमा संक्रमण सर्ने जोखिम न्यूनीकरण गर्न समयमै परीक्षण, उपचार तथा परामर्श सेवालाई प्राथमिकता दिइएको केसीको भनाइ छ । प्रदेशका एआरटी केन्द्रमार्फत एचआईभी संक्रमित बालबालिकासहित सबै उमेर समूहका संक्रमितलाई निःशुल्क उपचार, औषधि तथा नियमित स्वास्थ्य परामर्श सेवा प्रदान हुँदै आएको छ ।

परीक्षण सम्बन्धी तथ्यांकमा त्रुटि तथा असमानता, सबै गर्भवती महिलाको एचआईभी परीक्षण सुनिश्चित गर्न नसक्नु, उपचार केन्द्रहरूमा परीक्षण किट तथा औषधिको माग-आपूर्तिमा असन्तुलन र संक्रमितप्रति हुने सामाजिक विभेद तथा लाञ्छना कार्यक्रमका प्रमुख चुनौतीका रूपमा रहेको केसीले जानकारी दिए ।

तथ्यांक अनुसार कर्णाली प्रदेशमा एचआईभी संक्रमितमध्ये आर्थिक वर्ष २०७९/८० मा १२, २०८०/८१ मा ११, २०८१/८२ मा ९ र २०८२/८३ मा ६ जनाको मृत्यु भएको उनले बताए ।

कर्णालीमा एचआईभी नियन्त्रण तथा उपचार सेवामा एएचएफ नेपालले समेत सहकार्य गर्दै आएको छ । एएचएफका कार्यक्रम संयोजक संजयकुमार पौडेलका अनुसार सन् २०१८ देखि प्रदेश अस्पताल सुर्खेतस्थित एआरटी क्लिनिकसँग सहकार्य गर्दै संस्थाले संक्रमितको परामर्श, उपचारमा पहुँच वृद्धि, उपचारको निरन्तरता, परीक्षण सेवा विस्तार तथा स्वास्थ्यकर्मीको क्षमता विकासमा सहयोग पुऱ्याउँदै आएको छ ।

उनका अनुसार एएचएफले परियोजनामार्फत एचआईभी रोकथाम, परीक्षण, उपचार तथा हेरचाह सेवालाई थप प्रभावकारी बनाउन काम गरिरहेको छ । संस्थाले जोखिममा रहेका समुदायमा सचेतना कार्यक्रम, कन्डम वितरण, परीक्षणमा पहुँच विस्तार, संक्रमितलाई उपचार सेवासँग जोड्ने तथा उपचारमा निरन्तरता कायम राख्न आवश्यक सहयोग गर्दै आएको पौडेलले बताए ।

नेपालमा सन् २०२४ को अन्त्यसम्म ३४ हजार ३३७ जना एचआईभी संक्रमित रहेको अनुमान छ । राष्ट्रिय लक्ष्यअनुसार सन् २०३० सम्म एड्स महामारी अन्त्य गर्ने उद्देश्यसहित संक्रमितको पहिचान, उपचार र भाइरल लोड नियन्त्रणमा ९५-९५-९५ लक्ष्य हाँसिल गर्ने अभियान सञ्चालन भइरहेको छ ।



चुनौती कायमै

एचआईभी नियन्त्रण अभियानमा अझै विभिन्न चुनौती कायम रहेको सरोकारवालाले बताएका छन् । नवकिरण प्लस सुर्खेतका अध्यक्ष देवेन्द्र पाठकले औषधी उपचारका लागि कर्णालीका विभिन्न जिल्लाबाट सुर्खेत आउने संक्रमितलाई यातायात खर्चको समस्या रहेको बताए । 'धेरैजसो सुर्खेतकालाई मात्रै दिने गरिएको छ,' उनले भने, 'आर्थिक अवस्था कमजोर भएकालाई यातायात खर्च भए सहज हुन्थ्यो ।'

एचआईभी संक्रमितका लागि आयआर्जनको क्षेत्रमा स्थानीय सरकारले बजेट छुट्याएर काम गर्नुपर्ने बताए । 'धेरैजसो आर्थिक अवस्था कमजोर भएका नै संक्रमित छन्,' उनले भने, 'सरकारले त्यस्ता संक्रमितका लागि आयआर्जनका कार्यक्रम ल्याउन जरुरी छ, संक्रमितहरुले क्षमता भएपनि कतिपय प्राइभेट क्षेत्रमा काम पाउन नसकिरहेको अवस्था छ ।'

उनले संक्रमितप्रति समाजमा अझै लाञ्छना र विभेद कायम रहेको, सबै जोखिम समूह परीक्षणको पहुँचमा आउन नसकेको तथा समुदायस्तरमा सचेतना अभिवृद्धिको आवश्यकता रहेको बताए । अध्यक्ष पाठकले एचआईभी संक्रमितलाई समाजमा सम्मानपूर्वक बाँच्ने वातावरण निर्माण गर्न राज्य र समुदाय दुवैको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे । साथै उनले पोषणयुक्त खानाको उपलब्धतामा पनि सरकारले जोड दिनुपर्ने बताए ।

शनिवार

कथा

आमाको तस्वीर



कथा
आमाको तस्विर

उनले त्यतिखेरै गुरूआमासँग भन्न पनि सकिनन्- "म्याम, मैले मेरी आमालाई देखेकी छैन । म आमाका बारेमा के लेखूँ ? तस्बिर कसरी बनाऊँ ?"



विमल सिटौला

त्यस बिहान कोठाको ढोका ढ्याप्प लागेको आवाजले सुमना ब्युँझिइन् । आँखा मिच्दै बिस्तारै उनले परिदृश्य नियालिन् । कोठाभित्र बत्ती झललल बलिरहेको थियो, तर कोठाबाहिर भने अझै घोर अँध्यारो नै थियो । भित्ते घडीमा बिहानको पाँच बजेको थियो । सडकमा मोटर गाडीका आवाजहरू कतै-कतै सुनिन थालेका थिए । कोठाको एक कुनामा पानी तताउने भाँडोबाट बाफ उडिरहेको थियो । ग्यास चुलोमाथि टक्क बसिरहेको चियाको भाँडोबाट पनि हल्का बाफ सनै सनै निस्किरहेको देखिन्थ्यो ।

सुमनाले हिजो आफूसँगै छेवैमा सुत्नुभएका आफ्ना बाबालाई छामछाम-छुमुछुम गरिन् । ओछ्यान खाली थियो; उनले थाहा पाइन्, बाबा काममा हिँडिसक्नुभएछ ।

सुमना आठ वर्षकी थिइन् । उनी भक्तपुरको एक सामुदायिक विद्यालयमा कक्षा ४ मा पढ्थिन् । उनको पढाइ मध्यम खालको भए पनि गुरुहरूको नजरमा उनी मिहिनेती र इमानदार छात्रा थिइन् । त्यसैले, उनलाई सबै गुरुगुरुमाहरूले निकै माया गर्नुहुन्थ्यो ।

काठमाडौँमा उनका बाबाले उनलाई कति धेरै सङ्घर्ष गरेर हुर्काउनु र पढाउनुभएको थियो, त्यो कुरा सुमनाले पनि बुझेकी थिइन् । अरू दिन बिहानैदेखि बुबा सुकदेव काममा व्यस्त भए पनि शनिबारको दिन बाबा-छोरी सँगै हुन्थे । उनीहरू मीठा-मीठा कुराकानी गरेर शनिबार बिताउँथे । बिदाको दिन बाबाले घरको सरसफाइ गर्नुहुन्थ्यो र सुमनालाई गृहकार्य गर्न अह्राउनुहुन्थ्यो । तर, उहाँ आफैंले धेरै नपढेका कारण सुमनालाई सिकाउन भने सक्नुहुन्नथ्यो ।

सुमना आफूलाई जन्म दिने आमाका बारेमा पूर्ण रूपमा बेखबर थिइन् । उनले सानैदेखि आमालाई कहिल्यै देखेकी थिइनन्, न त आमाको अनुहार नै उनलाई याद थियो । कहिलेकाहीँ उनलाई आमाप्रति तीव्र जिज्ञासा जाग्थ्यो र बाबालाई सोध्ने गर्थिन्, "बाबा, ममी अब कहिल्यै पनि फर्किनुहुन्न हो ? तपाईंलाई त थाहा होला नि, उहाँ कहाँ हुनुहुन्छ ?"

यी प्रश्नहरू सुन्नासाथ सुकदेव रिसले चुर हुन्थे र भन्थे, "नकरा भन्या ! अब किन चाहियो तँलाई ममी ? तँलाई यहाँ के कुराको कमी भएको छ र ?"

त्यसको केही क्षणपछि उनी फेरि बाबालाई नम्र भएर सोध्थिन्, "अनि हामी मामाघरचाहिँ कहिले जाने त बाबा ? हजुरआमाले बाबालाई पनि सँगै लिएर आइज भन्नुभएको छ ।"

यस प्रश्नमा उनका बाबाले छोटो प्रतिक्रिया दिँदै भन्नुहुन्थ्यो, "अब मन्थली जाँदा एकफेर जानुपर्छ छोरी ।" आफ्नै बाबासँग आमाका बारेमा थप सोध्ने आँट सुमनामा थिएन । उनलाई कहिले मामाघर गएर हजुरआमालाई सबै कुरा सोधौं जस्तो भइरहन्थ्यो । पहिलो पटक मामाघर जाँदा उनी धेरै सानी थिइन् । आमाका बारेमा बुझ्ने जिज्ञासा नै पलाएको थिएन ।

आफ्नो मनमा खेलिरहने कुरा र जिज्ञासाहरू सुनाउन सुमनासँग कुनै नजिकको साथी थिएनन् । उनले आफ्नी आमा नभएको कुरा साथीहरू वा गुरुहरू कसैलाई पनि सुनाएकी थिइनन् । दिनहरू बित्दै जाँदा सुमनालाई बाबासँग आफ्नी आमाबारे धेरै कुरा सोध्न मन लाग्थ्यो, तर बाबाले प्रश्नको उत्तर नदिने, उल्टै रिसाउने र झर्किने गरेकाले उनी डराउँथिन् । अन्ततः उनी चुपचाप बस्न बाध्य भइन् ।

उनलाई जीवन जिउन सहज थिएन । कोठामा धेरै कुराहरूको अभाव थियो । उनका साथीहरूलाई स्कुलका लागि तयारी गरिदिने उनीहरूका आमाबुबा हुन्थे, तर उनले भने सबैरै उठेर आफ्ना सबै काम आफैं गर्नुपर्थ्यो । पछिल्लो समय अरूका आमा देख्दा उनलाई लाग्थ्यो, "मेरी पनि आमा भइदिएकी भए म कति राम्री देखिन्थेँ होला...।"

कहिलेकाहीँ स्कुल जाने बेलामा खाना पकाउँदा-पकाउँदै उनी रुन्थिन् । भाँडाकुँडा माझदा पनि उनका आँखा आँशुले भरिन्थे । तर, कसैले देख्ला कि भन्दै उनी मन दह्रो बनाएर आँशु पुछ्थिन् । यस्तो बेला उनी मामाघरकी हजुरआमालाई निकै सम्झन्थिन् ।

महिनाको अन्त्यतिर कोठामा प्रायः रासनपानी सकिन्थ्यो । बाबा ज्यामी काम गर्ने मजदुर भएकाले कहिले पैसा हुन्थ्यो, त कहिले हुँदैनथ्यो । चामल र तरकारी सकिएका बेला उनका बाबाले उनलाई चोकको काभ्रेली होटलमा गएर खानू भन्नुहुन्थ्यो । त्यसैले, महिनाको अन्तिमतिर सुमना प्रायः त्यही होटलमा खाना खाएर विद्यालय जान्थिन् ।

एक दिनको कुरा हो, कक्षामा गुरुआमाले 'बाबाबारे एक अनुच्छेद लेखेर देखाउनू' भन्नुभयो । बाबाका बारेमा कसरी लेख्ने भन्ने तरिका पनि उहाँले सिकाइदिनु भयो सोही तरिका अपनाएर सबैभन्दा पहिले सुमनाले नै लेखेर देखाइन् । त्यसपछि अरू साथीहरूले क्रमशः देखाउँदै गए । सुमनाले राम्रा अक्षरमा बान्की मिलाएर लेखेकी थिइन् । गुरुआमाले उनको लेखन निकै मन पराएर स्याबासी दिनुभयो । गुरुआमाको प्रशंसाले सुमना निकै खुशी भइन् ।

तर, चौथो घन्टी लाग्नुअगाडि गुरुआमाले अर्को गृहकार्य दिएर जानुभयोः

"यसरी नै आफ्नी आमाबारे एक अनुच्छेद लेख्नुहोस् र छेवैमा आमाको एउटा सानो तस्विर पनि बनाउनुहोस् ।"

यो सुनेर सुमनामा चिन्ता बढ्यो । उनको अघिको खुशी धेरै बेर टिक्न पाएन । कक्षामा उनी आत्तिन थालिन् र उनको अनुहार रातोपिरो भयो । उनले त्यतिखेरै गुरुआमासँग भन्न पनि सकिनन्- "म्याम, मैले मेरी आमालाई देखेकी छैन । म आमाका बारेमा के लेखूँ ? तस्बिर कसरी बनाऊँ ?" कक्षाकोठाका अरू सबै विद्यार्थीले 'हस् म्याम' भन्दै गृहकार्य स्वीकारे, तर उनले मनमनै, "हुन्न म्याम, म त सक्दिनँ, कत्ति पनि सक्दिनँ" भनिरहिन् ।

बिचरी सुमना ! उनको मनको यो आर्तनाद कसले बुझ्दिने र ?

घर पुगेपछि सुमना झन् चिन्तित बनिन् । उनले धेरै पटक आमाका बारेमा रित्तो पाना भर्ने प्रयास गरिन्, तर हरेक पटक उनका आँखा आँशुले भरिए । उनले त्यहाँ आमाको रूपरङ, कपाल, मनपर्ने कुरा, पढाइलेखाइ र इच्छा-चाहनाहरूका बारेमा लेख्नुपर्ने थियो । तर उनलाई आमाका यी यावत् कुराहरू थाहै थिएन । बाबा साँझपख घर आइपुग्नुभयो, तर उहाँसँग सोध्ने आँट सुमनामा आएन । उनले धेरै चोटि जन्म दिने आमाको प्रसङ्ग कोट्याउन त खोजिन्, तर दिनभरिको कामले लखतरान भएर आएका सुकदेव चुँइक्क नबोली ओछ्यानमा लडिरहे ।

त्यस रात उनी सोच्दा-सोच्दै गलेरै सुतिन् । भोलिपल्ट बिहान सबेरै बाबा काममा गइसकेपछि उनी ब्युँझिइन् । उठ्नेबित्तिकै उनी त्यही गृहकार्य पूरा गर्न जोडतोडले लागिन् । उनले आमाको तस्विर बनाउन खोजिन् । कोर्दै जाँदा तस्विरले एउटा आकार लियो, तर त्यो को जस्तो थियो, उनैलाई थाहा थिएन ।

उनको मनमा लाग्यो- "मेरी आमा पनि यस्तै अनुहारकी हुनुहुन्थ्यो होला ।" उनले तस्विरमा लामो कपाल बनाइदिइन्; लुगामा रातो रङ पोतिन्; खुट्टामा अग्ला-अग्ला स्यान्डल सजाइदिइन् । कानमा झुम्का र नाकमा फुली हालिदिइन् हातमा एउटा गुलाबी रङको ब्याग बोकाइदिइन् । ओठमा लाली र कपालमा थोरै रातो रङको हाइलाइट थपिन् । क्रमशः उनले आफ्नो कल्पनाअनुसार अरू कुराहरू पनि थप्दै गइन् ।

बनिसकेको सो तस्विर हेरेर सुमना निकै भावुक भइन् । एक्कासि उनले त्यो तस्विरलाई आफ्नो छातीमा टाँसिन् । तस्विर छातीमा राख्दा-राख्दै आफैंलाई थाहा नपाई उनका आँखाबाट आँशुका धारा बग्न थाले ।

उनी एक्कासि आत्तिँदै चिच्याउन पुगिन्- "मामू ! मामू ! आउनुस् न मसँग । कता हुनुहुन्छ तपाईं ? म यहाँ एक्लै भएँ !" केही बेर उनी त्यस तस्विरसँग नाता गाँसेर बर्बराइरहिन् ।

उता समय घर्किसकेको थियो । हतार-हतार स्कुलको पोशाक लगाएर उनी पाठशालातिर दौडिइन् । त्यस दिन उनलाई भोकभन्दा पनि आमाको तस्विरले बढी सताइरहेको थियो । त्यो तस्विरले घरी उनलाई क्षणिक खुशी दिन्थ्यो, त घरी उनको छाती भतभती पोलेर आउँथ्यो । उनमा पीडाको कुनै सीमा थिएन ।

चौथो घन्टी लाग्यो । सीमा मिस कक्षामा आउनुभयो र गृहकार्य सोध्न थाल्नुभयो । उता सुमना भने असामान्य रूपमा उदास भएर चुपचाप बसिरहेकी थिइन् । अरू साथीहरू कसको तस्विर राम्रो भयो भन्दै बेन्चमा कापी निकालेर हेराहेर र तुलना गर्दै थिए । तर सुमनाले आफ्नो गृहकार्य झोलाबाट निकालेकी समेत थिइन ।

मिसले एक्कासि सुमनालाई हेर्दै भन्नुभयो- "लौ, सुमनाको हेर्रौं त । हिजो त साह्रै राम्रो लेखेकी थियौ ।" सुमनाको नजिकै आएर उनको मलिन अनुहार देखेपछि अचम्म मान्दै मिसले थप्नुभयो– "किन रुन्चे अनुहार लगाएर बसेकी सुमना ? होमवर्क गरेनौ कि कसो आज ? ल ल, ठीकै छ, भोलिचाहिँ गरेर आउनू है ।"

त्यत्तिकैमा पल्लो पङ्क्तिबाट एउटा छात्रले प्याच्च बोल्यो- "म्याम, सुमनाकी आमा त ऊ सानै छँदा पोइला गाको रे !"

यो सुनेर सुमना एकाएक भक्कानिन पुगिन् । त्यो छात्रको कुरा सुनेपछि कक्षाकोठामा केही क्षण सन्नाटा छायो । गुरुआमाको अनुहार पनि अँध्यारो भयो । अन्त्यमा, उहाँले कुरा मोड्दै भन्नुभयो- "ल, भैगो, भैगो ।"

त्यस दिनपछि सुमनाको मनभित्र आमाको त्यो कल्पित तस्विर कहिल्यै नमेटिने अमिट छाप बनेर टाँसिइरह्यो ।

कविता

ईश्वर बनेका ढुङ्गा र ढुङ्गा बनेका मान्छेहरू



उदित प्रकाश सिग्देल

ईश्वर बनेका ढुङ्गा
र, ढुङ्गा बनेका मान्छेहरू

त्यो ईश्वर, जुन ईश्वरले कहिल्यै मलाई मान्छे देखेन
त्यो ईश्वर, जुन ईश्वरलाई मैले कहिल्यै ईश्वर देखिन
मेरो आस्था हेरेर मलाई आश गर्ने ईश्वर
मेरो अवस्था देखेर मलाई बेवास्ता गर्ने ईश्वर
अकर्मण्य भएर गुमनाम बसेको छ
असमञ्जसमा परेर एकान्तबास गरेको छ
त्यो कहिल्यै मेरो ईश्वर बनेन
मलाई कहिल्यै उसले मान्छे गनेन

त्यो ढुङ्गा जुन ढुङ्गाले मलाई कहिल्यै आफ्नो देखेन
त्यो ढुङ्गा जुन ढुङ्गामा कहिल्यै मैले आत्मा भेटिन
आज गजधम्म भएर देउरालीमा बसेको छ
आज अलमस्त भएर मन्दिरभित्र सजिएको छ
रङ्गिएर अबिर केशरीले
छोपिएर दुबो र पातीले
वर्षौंदेखि कसैको विश्वास बन्धकी राखेर
कसैको आस्था बन्धकी राखेर
देउरालीको ढुङ्गो
मन्दिरभित्रको ढुङ्गो
ईश्वर बनेर बसेको छ
वर्षौंदेखि ईश्वर बनेर सुतेको छ
यसैगरी सबै ढुङ्गाहरू ईश्वर बनिरहेछन्
र, मान्छेहरू ढुङ्गा बनिरहेछन्

आज ईश्वर बनेका ढुङ्गाहरू
हिजोसम्म मान्छे नै त थिए ।
र, आज ढुङ्गा बनेका मान्छेहरू
भोलि ईश्वर बन्नेछन् ।

कर्णाली सरकारले 'लिटिल डक्टर्स' कार्यक्रम सञ्चालन गर्ने

काँक्रेविहार संवाददाता
सुर्खेत, २२ जेठ

कर्णाली प्रदेश सरकारले विद्यालय तहका विद्यार्थीलाई स्वास्थ्य सचेतनाको अग्रदूतका रूपमा विकास गर्ने उद्देश्यसहित 'लिटिल डाक्टर्स' कार्यक्रम सञ्चालन गर्ने भएको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा उक्त कार्यक्र समावेश गरिएको हो। 'लिटिल डक्टर्स' कार्यक्रममार्फत विद्यार्थीलाई विद्यालय र समुदायस्तरमा स्वास्थ्य प्रवर्द्धनको अभियानमा परिचालन गरिनेछ।

प्रदेशसभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मुख्यमन्त्री यामलाल कँडेलले समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न विद्यालयस्तरका विद्यार्थीलाई 'हेल्थ एम्बेस्डर' का रुपमा विकास गर्ने लक्ष्यसहित लिटिल डाक्टर्स कार्यक्रम सञ्चालन गरिने घोषणा



गरेका हुन्।

कार्यक्रममा व्यक्तिगत सरसफाइ तथा स्वच्छता, पोषण, जीवनशैली तथा नसर्ने रोग, सरुवा रोग तथा एन्टिमाइक्रोबियल प्रतिरोध, प्राथमिक उपचार तथा सुरक्षा, मानसिक स्वास्थ्य र नेतृत्व विकासलगायत विषयमा प्रशिक्षण दिइनेछ।

कार्यक्रममा सहपाठी-सहपाठी सिकाइ (पियर-टु-पियर लर्निङ), व्यवहारिक अभ्यास, भूमिकानिर्वाह (रोल-प्ले), अभिलेखीकरण तथा अनुगमनलाई मुख्य सिकाइ विधिका रूपमा प्रयोग गरिनेछ।

पाठ्यक्रममा आधारित तीन महिनाको प्रशिक्षणपछि विद्यार्थीहरूले बाँकी नौ महिनासम्म समूहगत रूपमा स्वास्थ्य प्रवर्द्धनसम्बन्धी गतिविधि सञ्चालन गर्नेछन्।

प्रत्येक स्वास्थ्य क्लबमा १५ देखि २० जना विद्यार्थी सहभागी हुनेछन्। बालबालिकामा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न तथा सहपाठी सिकाइलाई प्रभावकारी बनाउन यो कार्यक्रम उपयुक्त हुने अपेक्षा गरिएको छ।

विद्यालयमा अध्ययनरत विद्यार्थीलाई स्वास्थ्यसम्बन्धी ज्ञान, सीप र नेतृत्व क्षमता प्रदान गर्दै 'हेल्थ एम्बेस्डर'का रुपमा विकास गर्ने उद्देश्यले कार्यक्रमको नाम 'लिटिल डाक्टर्स' राखिएको हो। यस कार्यक्रमले विद्यार्थी, परिवार तथा समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने लक्ष्य राखेको छ।

कार्यक्रममा सहभागी विद्यार्थीलाई चरणबद्ध रुपमा प्रशिक्षण दिइनेछ। उनीहरूले सिकेका ज्ञान र सीपलाई विद्यालयभित्र समूहगत गतिविधि, जनचेतनामूलक अभियान, व्यवहारिक अभ्यास तथा सहपाठी शिक्षण (पियर लर्निङ) मार्फत अन्य विद्यार्थीसम्म पुऱ्याउने छन्। यसले विद्यालय तहमा स्वास्थ्यसम्बन्धी सकारात्मक संस्कार विकास गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ।

कर्णाली प्रदेश सरकारले स्वास्थ्य प्रवर्द्धनलाई उपचार केन्द्रित सेवाभन्दा माथि उठाएर समुदाय र विद्यालयसम्म विस्तार गर्ने रणनीतिअन्तर्गत यो कार्यक्रम अघि सारेको हो।

प्रदेश सरकारका अनुसार विद्यालयलाई स्वास्थ्य शिक्षा र व्यवहार परिवर्तनको केन्द्रका रूपमा विकास गर्दै दीर्घकालीन रूपमा स्वस्थ, सचेत र जिम्मेवार नागरिक उत्पादन गर्नु कार्यक्रमको मुख्य उद्देश्य हो।

विशेषगरी दुर्गम बस्तीमा स्वास्थ्य जनशक्तिको पहुँच सीमित रहेको अवस्थामा विद्यार्थीमार्फत समुदायसम्म स्वास्थ्य शिक्षा पुऱ्याउने यो कार्यक्रम सफल भए कर्णालीमा बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

घरदैलोमै पुग्यो राहदानी

काँक्रेविहार संवाददाता
सल्यान, २२ जेठ



नागरिकको घरदैलोमै राहदानी पुऱ्याउने सेवाको औपचारिक सुरुवात गरिएको छ। जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालय सल्यानबीच भएको सम्झौताअनुसार राहदानी तयार भइसकेपछि सेवाग्राहीको घरसम्म पुगेर वितरण गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको हो।

नयाँ सेवासँगै नागरिकले राहदानी लिनका लागि पुनः जिल्ला सदरमुकामसम्म धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ। प्रशासन कार्यालयका अनुसार यस व्यवस्थाले विशेषगरी दुर्गम क्षेत्रका नागरिकलाई समय, श्रम र खर्चको बचत हुने अपेक्षा गरिएको छ। सेवाको सुरुवातस्वरूप बनगाड कुपिण्डे नगरपालिका एकका डिल्लीबहादुर रावत र सन्तोषी रावतको राहदानी उनीहरूका आफन्तलाई घरमै पुगेर हस्तान्तरण गरिएको छ। यससँगै सल्यानमा घरदैलोमै राहदानी वितरण गर्ने सेवा औपचारिक रूपमा सुरु भएको हो। जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबीच वैशाख २३ गते भएको सम्झौताअनुसार पहिलो चरणमा ६९ थान राहदानी जिल्ला हुलाक कार्यालयलाई हस्तान्तरण गरिएको छ। ती राहदानी सम्बन्धित स्थानीय तहका हुलाक कार्यालयमार्फत सेवाग्राहीसम्म पुऱ्याउने प्रक्रिया अघि बढाइएको छ।

जिल्ला हुलाक कार्यालय सल्यानका हुलाक अधिकृत चिन्तामणि रेग्मीका अनुसार कालिमाटी गाउँपालिकामा नौ बनगाड कुपिण्डे नगरपालिकामा सात कपुरकोट गाउँपालिकामा सात त्रिवेणी गाउँपालिकामा सात छत्रेश्वरी गाउँपालिकामा नौ बागचौर नगरपालिकामा १६, दार्मा गाउँपालिकामा तिन कुमाख गाउँपालिकामा एक सिद्धकुमाख गाउँपालिकामा पाच्च र शारदा नगरपालिकामा पाँच थान राहदानी पठाइएको छ। उनका अनुसार सम्बन्धित पालिकामा पठाइएका सबै राहदानी एक-दुई दिनभित्र सेवाग्राहीसम्म पुऱ्याइसक्ने तयारी गरिएको छ। वितरण प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय हुलाक कार्यालय तथा जनशक्तिलाई परिचालन गरिएको छ नागरिकलाई घरमै सरकारी सेवा उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको यो व्यवस्था सेवामैत्री शासनको अभ्यासका रूपमा हेरिएको छ।

स्थानीयवासीले पनि राहदानी वितरणको नयाँ व्यवस्थालाई स्वागत गरेका छन्। उनीहरूका अनुसार यसले सदरमुकामसम्म पुग्न लाग्ने समय, यातायात खर्च र अन्य झन्झट कम गर्नेछ।

जिल्ला प्रशासन कार्यालयले आगामी दिनमा पनि नागरिकलाई सहज, छिटो र पहुँचयोग्य सेवा उपलब्ध गराउन प्रविधिमैत्री तथा सेवामुखी कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

अझैं रोकिएन डढेलो, हजारौं हेक्टर वन नष्ट

काँक्रेविहार संवाददाता
दैलेख, २२ जेठ

वनडढेलो नियन्त्रणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिए पनि दैलेखमा वन आगलागीको समस्या अझै नियन्त्रणमा आउन सकेको छैन।

चालु वर्षमा जिल्लाका सामुदायिक तथा राष्ट्रिय वनमा पटक-पटक डढेलो लाग्दा ठूलो वनक्षेत्र प्रभावित भएको छ।

डिभिजन वन कार्यालय दैलेखका अनुसार जिल्लाका १४ वटा सामुदायिक वन र ४० वटा राष्ट्रिय वनमा आगलागी हुँदा हालसम्म एक हजार एक सय ७० हेक्टर वनक्षेत्र डढेलोबाट नष्ट भएको छ।

वनमा आगलागीका घटनाले वनस्पति, वन्यजन्तु तथा जैविक विविधतामा समेत असर पुऱ्याएको कार्यालयले जनाएको छ।

अधिकृत आशिका पौड्यालले डढेलो न्यूनीकरणका लागि जिल्लाका ११ वटै स्थानीय तह तथा सामुदायिक वन उपभोक्ता समितिलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताइन्। यद्यपि जनचेतना अभिवृद्धिका प्रयासका बाबजुद वनमा आगलागी हुने क्रम रोक्न चुनौतीपूर्ण बनेको उनको भनाइ छ। उनका अनुसार ११ वटा सामुदायिक वनमा लागेको आगलागी भने समयमै नियन्त्रणमा लिएकाले ठूलो क्षति हुनबाट जोगिएको छ। डिभिजन वन कार्यालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा अन्य सरोकारवाला निकायलाई डढेलो रोकथाम र नियन्त्रणसम्बन्धी प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको छ। डिभिजन वन कार्यालय दैलेखका प्रमुख अमर शाहले जिल्लामा हुने अधिकांश वन आगलागी मानवीय लापरबाहीका कारण हुने गरेको बताए। उनका अनुसार घाँसपात सङ्कलन, खेतबारी सफा गर्ने क्रममा लगाइने आगो नियन्त्रणबाहिर जाँदा वन क्षेत्रमा फैलिने गरेको छ। लामो समयसम्म वर्षा नहुनु, अत्यधिक सुक्खा मौसम र तापक्रम वृद्धि जस्ता प्राकृतिक कारणले पनि डढेलोको जोखिम बढाएको छ। साथै, सडक तथा वन क्षेत्र हुँदै यात्रा गर्ने व्यक्तिले चुरोट सेवनपछि ननिभाई फाल्ने गरेका कारण पनि आगलागीका घटना बढ्ने गरेको वन कार्यालयको भनाइ छ स्थानीयवासीहरूले वनडढेलो न्यूनीकरणका लागि सचेतना कार्यक्रम मात्र पर्याप्त नभएको भन्दै प्रभावकारी निगरानी, कडा नियन्त्रण र कानुनी कार्यान्वयनलाई थप सशक्त बनाउनुपर्ने आवश्यकता औँल्याएका छन्।

गाउँ गाउँमा प्रहरी अस्पतालको पहुँच बिस्तार

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २२ जेठ

कर्णाली प्रदेश प्रहरी अस्पताल, सुर्खेतले दुर्गम तथा विकट जिल्लाका नागरिकलाई लक्षित गर्दै निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेको छ।

"समुदाय-प्रहरी साझेदारी" कार्यक्रमअन्तर्गत अस्पतालले विशेषज्ञ चिकित्सक सहितको टोली परिचालन गरी कर्णालीका विभिन्न जिल्लामा स्वास्थ्य शिविर सञ्चालन गरेको हो।

प्रदेश प्रहरी अस्पतालका सूचना अधिकारी तथा प्रहरी निरीक्षक डा. सन्जिव खड्काका अनुसार साविक कर्णालीका अति दुर्गम मानिने हुम्ला, डोल्पा, मुगु, कालिकोटलगायत जिल्लामा "प्रहरी युनिटसँग प्रहरी अस्पताल" कार्यक्रममार्फत स्वास्थ्य सेवा प्रदान गरिएको छ।

दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच सीमित रहेका नागरिकलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको उनले बताए।

अस्पतालका अनुसार शिविरमा मानसिक स्वास्थ्य समस्या, दीर्घरोग, मादक पदार्थ सेवनका असर, लेक लाग्ने समस्या तथा अत्यधिक चिसोका कारण हुने स्वास्थ्य जटिलता सम्बन्धी परामर्श र प्राथमिक उपचार सेवा प्रदान गरिएको थियो। साथै आवश्यकताअनुसार निःशुल्क औषधि वितरण र स्वास्थ्य परामर्शसमेत दिइएको थियो।

हुम्लामा सञ्चालन गरिएको स्वास्थ्य शिविरमा प्रदेश प्रहरी अस्पतालका प्रमुख तथा हाडजोर्नी एवं नसारोग विशेषज्ञ प्राविधिक प्रहरी नायब उपरीक्षक डा. श्यामकृष्ण लौडारीको नेतृत्वमा



सात सदस्यीय स्वास्थ्यकर्मी टोली सहभागी भएको थियो। टोलीले जिल्लाका विभिन्न दुर्गम बस्तीमा पुगेर नागरिकलाई प्रत्यक्ष स्वास्थ्य सेवा उपलब्ध गराएको थियो।

विशेषगरी हुम्लाको नाम्खा गाउँपालिका छ अन्तर्गत लिमी उपत्यकाका हल्जी र जाङ गाउँका स्थानीय बासिन्दाले शिविरबाट लाभ लिएका थिए।

अस्पतालका अनुसार उक्त क्षेत्रमा ६७ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो। स्वास्थ्य सेवा लिनेमा ५१ जना महिला र १६ जना पुरुष रहेका थिए। उनीहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण, आवश्यक औषधि वितरण तथा स्वास्थ्यसम्बन्धी परामर्श प्रदान गरिएको थियो।

स्वास्थ्य सेवा लिन जिल्ला सदरमुकाम वा बाहिरी जिल्लासम्म पुग्नुपर्ने बाध्यता रहेका दुर्गम क्षेत्रका नागरिकले गाउँमै विशेषज्ञ चिकित्सकबाट सेवा पाएपछि खुसी व्यक्त गरेका छन्।

स्थानीयले यस्ता कार्यक्रमले स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेको बताएका छन्।अस्पतालका अधिकारीहरूका अनुसार "प्रहरी युनिटसँग प्रहरी अस्पताल" कार्यक्रम हालसम्म कर्णाली प्रदेशका दैलेख र जाजरकोट बाहेक आठ जिल्लामा सञ्चालन भइसकेको छ।

आगामी केही महिनाभित्र बाँकी रहेका दुई जिल्लामा पनि स्वास्थ्य शिविर सञ्चालन गर्ने तयारी भइरहेको छ।

कर्णाली प्रदेश प्रहरी अस्पतालले दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा विस्तार, जनचेतना अभिवृद्धि तथा समुदायसँग प्रहरीको सम्बन्ध थप सुदृढ बनाउने उद्देश्यले कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

दुर्गम बस्तीका नागरिकसम्म विशेषज्ञ स्वास्थ्य सेवा पुऱ्याउने यस अभियानलाई स्थानीय तह र समुदायले समेत सकारात्मक रूपमा लिएका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

‘परराष्ट्र नीति पार्टीको हुँदैन, देशको हुन्छ’

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २२ जेठ



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफ्नो भारत भ्रमण पूर्ण रूपमा पारदर्शी भएको दाबी गरेका छन् ।

भारत भ्रमणबाट फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले विगतका उच्च राजनीतिक नेतृत्वले जस्तो बन्द कोठामा लुकिछिपी कुनै भेटघाट नगरेको स्पष्ट पारे ।

भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा भारत पुगेका लामिछानेले दुई पार्टीबिचको सम्बन्ध विस्तार र विशेष गरी ’विकास कूटनीति’ मा आफ्नो भ्रमण केन्द्रित रहेको बताए आफ्ना सम्पूर्ण भेटघाटमा नयाँ दिल्लीस्थित नेपाली दूतावासका कार्यवाहक राजदूत उपस्थित रहेको जानकारी दिँदै उनले भने, ‘ भित्र एउटा कुरा र बाहिर अर्को कुरा हुने अपारदर्शी काम हामीबाट भएन, हामीले जे कुरा गर्‍यौं स्पष्ट र पारदर्शी ढङ्गले गर्‍यौं ।’

राजनीतिलाई अर्थ-राजनीतिमा परिणत गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले नेपालले अब विकासको गतिलाई समात्नुपर्ने बताए ।

छिमेकी राष्ट्रले विकासमा मारेको लोभलाग्दो फड्कोबाट नेपालले पनि सिक्नुपर्ने र विगतका सरकारले गरेका राम्रा कामलाई निरन्तरता दिँदै अल्झिएका विकास आयोजना सम्पन्न गर्नुपर्नेमा उनले जोड दिए ।

धार्मिक पर्यटन, कनेक्टिभिटी र सूचना प्रविधि (आइटी) जस्ता विषयमा सहकार्य गरेर आर्थिक लाभ लिने विषयमा भारतीय पक्षसँग छलफल भएको उनले जानकारी दिए ।

विगतमा पत्रकारितामा रहँदा सिमानाको मुद्दा जोडतोडले उठाउने तर अहिले भारत जाँदा उक्त विषय नउठाएको भन्दै पत्रकारले सोधेको प्रश्नमा लामिछानेले कूटनीति र मिडियाबाजी फरक कुरा भएको तर्क गरे । ‘कुनै पनि विषय कूटनीतिक माध्यमलाई सक्रिय गराएर समाधान गर्ने हो, यसमा हल्ला गरेर वा ढोल बजाएर हुँदैन,’ उनले भने, ’कूटनीति एक्टिभिस्ट वा पत्रकारले उठाउने विषयजस्तो होइन, एउटा जिम्मेवार दलले कूटनीतिक चरण र संवेदनशीलतालाई बुझेर सही समय र ठाउँमा कुरा राख्नुपर्छ ।’

विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण

❐ काँक्रेविहार संवाददाता

हुम्ला, २२ जेठ



विश्व वातावरण दिवसको अवसरमा हुम्लामा वृक्षारोपण कार्यक्रमसहित विभिन्न जनचेतनामूलक गतिविधि आयोजना गरी दिवस मनाइएको छ ।

“समृद्ध भविष्यको आधार जलवायु तथा प्रकृति मैत्री” भन्ने मूल नाराका साथ सिमकोट गाउँपालिकास्थित मानसरोवर माध्यमिक विद्यालय परिसरमा विभिन्न प्रजातिका बिरुवा रोपेर वातावरण संरक्षणको सन्देश दिइएको हो ।

डिभिजन वन कार्यालय हुम्लाको आयोजनामा सम्पन्न कार्यक्रममा विद्यालय परिसरलाई हरियालीयुक्त बनाउने उद्देश्यले सल्ला, धुपी, ओखर, चुलीलगायत पाँच प्रकारका बिरुवा रोपिएको छ ।

पछिल्लो समय जलवायु परिवर्तनका असर विश्वव्यापी रूपमा बढ्दै गएको अवस्थामा वातावरण संरक्षण, वन सम्पदाको संवर्द्धन तथा हरित वातावरण निर्माणका लागि वृक्षारोपणलाई प्रभावकारी माध्यमका रूपमा लिइएको छ ।

डिभिजन वन कार्यालयका प्रमुख महेश कुमाइले विश्व वातावरण दिवस केवल औपचारिक रूपमा मनाउने दिन नभई वातावरण संरक्षणप्रति सबैलाई जिम्मेवार बनाउने अवसर भएको बताए । उनका अनुसार वन क्षेत्रको संरक्षण, हरियाली विस्तार र जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न वृक्षारोपण महत्वपूर्ण उपाय हो ।

“वातावरणीय सन्तुलन कायम राख्न र भावी पुस्तालाई स्वच्छ वातावरण हस्तान्तरण गर्न अहिलेबाटै संरक्षणका गतिविधि बढाउन आवश्यक छ,” उनले भने ।

विद्यालय परिसरमा रोपिएका बिरुवाले भविष्यमा हरियाली विस्तार गर्नुका साथै विद्यार्थीलाई वातावरणप्रति जिम्मेवार बन्न प्रेरित गर्ने विश्वास व्यक्त गरिएको छ ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रवक्ता सरिता रावत, प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मी, सिमकोट गाउँपालिकाकी उपाध्यक्ष शुशिला भाम रोकाया, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका प्रमुख, सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का प्रतिनिधि, विभिन्न सरकारी कार्यालयका प्रमुख, राजनीतिक दलका प्रतिनिधि तथा उद्योग वाणिज्य सङ्घका पदाधिकारी लगायतको उल्लेखनीय सहभागिता रहेको थियो ।

सहभागीहरूले वातावरण संरक्षणलाई सरकारी निकायको मात्र जिम्मेवारीका रूपमा नहेरी समुदाय, शैक्षिक संस्था तथा नागरिकस्तरबाट समेत सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए ।

उनीहरूले जलवायु परिवर्तनका असर कम गर्न वन संरक्षण, वृक्षारोपण तथा प्राकृतिक स्रोतको दिगो उपयोग अपरिहार्य रहेको धारणा व्यक्त गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले वृक्षारोपणसँगै बिरुवाको संरक्षणलाई पनि उत्तिकै महत्व दिनुपर्ने बताए ।

उनका अनुसार रोपिएका बिरुवाको नियमित हेरचाह र संरक्षण सुनिश्चित गर्न विद्यालयका एक छात्रलाई एक महिनासम्म जिम्मेवारी दिइएको छ । उक्त कार्यका लागि दुई हजार रुपैयाँ प्रोत्साहनस्वरूप उपलब्ध गराइने व्यवस्था गरिएको छ ।

“बिरुवा रोपेर मात्र हुँदैन, त्यसको संरक्षण भएमा मात्र वृक्षारोपणको उद्देश्य पूरा हुन्छ,” प्रमुख जिल्ला अधिकारी रेग्मीले भने । उनले विद्यालय परिवार, विद्यार्थी तथा स्थानीय समुदायको सहकार्यमा बिरुवाको संरक्षण गरिने जानकारी दिए ।

कार्यक्रमकै अवसरमा डिभिजन वन कार्यालयले विद्यालयको छात्रावासमा बसोबास गरी अध्ययनरत ५० जना विद्यार्थीलाई स्टेशनरी सामग्री पनि वितरण गरेको छ । शैक्षिक वातावरण सुधार तथा विद्यार्थीलाई अध्ययनमा प्रोत्साहित गर्ने उद्देश्यले कापी, कलम र अन्य आवश्यक सामग्री हस्तान्तरण गरिएको कार्यालयले जनाएको छ । विद्यालय प्रशासनले वन कार्यालयको सहयोगप्रति आभार व्यक्त गर्दै यसले विद्यार्थीको शैक्षिक गतिविधिमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरेको छ । साथै विद्यालय परिसरमा गरिएको वृक्षारोपणले वातावरणीय सौन्दर्य वृद्धि गर्नुका साथै विद्यार्थीमा प्रकृति संरक्षणप्रतिको चेतना विकास गर्न मद्दत पुग्ने जनाएको छ ।

प्रदेश नमुना सभा अभ्यास कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्न सम्बन्धी सूचना ।

यस मन्त्रालयको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम “प्रदेश नमुना सभा अभ्यास कार्यक्रम” कर्णाली प्रदेश सभाको संरचना (२४ प्रत्यक्ष र १६ जना समावेशी प्रतिनिधित्व हुने गरी जम्मा ४० जना) बमोजिम सञ्चालनका लागि सहभागी हुन देहायका शर्तहरु पूरा गरेका १६ देखि २४ वर्ष ननाघेका कर्णाली प्रदेशमा स्थायी बसोबास गर्ने युवाहरुबाट सूचना प्रकाशन भएको मितिले १० दिन भित्र यसै पत्रमा संलग्न गुगल डक्सको लिंकमा तोकिएको विवरण भरी आवेदन पेश गर्न हुन अनुरोध छ । साथै अन्य विषयमा जानकारीका लागि युवा तथा खेलकुद महाशाखामा सम्पर्क गर्न सकिनेछ ।

शर्तहरु

(क) सहभागी हुनको लागि १६ वर्ष पूरा भई २४ वर्ष ननाघेको युवा हुनुपर्ने र कम्तिमा SEE/SLC उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(ख) कर्णाली प्रदेशको स्थायी वासिन्दा भएको हुनुपर्नेछ ।

(ग) यस मन्त्रालय र राष्ट्रिय युवा परिषद्वारा सञ्चालित यस अघिका नमुना संसद अभ्यास कार्यक्रममा भाग नलिएको स्वघोषणा गरेको हुनुपर्ने ।

(घ) कुनै किसिमको फौजदारी अभियोगमा सजाय नपाएको वा अन्य कुनै कानूनले अयोग्य नभएको स्वघोषणा गर्नुपर्ने ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री मानकुमारी गौतम** धनी रहेको, **दर्ता नम्बर** ६२९०/०७६/०७७ बाट **वीरेन्द्रनगर-१२, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **गौतम कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)